http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष १, अङ्क ५, २०६९ पौष-माघ Vol 1, Issue 5, January 2013

## प्रथम चौमासिक समीक्षा गोष्ठी सम्पन्न




*समीक्षा गोष्ठीमा मन्तव्य व्यक्त गर्दै मा.अर्थमन्त्री श्री वर्षमान पुन*

आन्तरिक राजस्व विभागको सभा हलमा आ. व. २०६९/०७० को प्रथम चौमासिक समीक्षा गोष्ठी यही मंसिर २४ गते सम्पन्न भएको छ । माननीय अर्थमन्त्री श्री वर्षमान पुनको प्रमुख आतिथ्य एवं श्रीमान् अर्थ सचिव श्री शान्तराज सुवेदीको आतिथ्यमा सो समीक्षा गोष्ठी समापन गरिएको थियो । प्रमुख अतिथिको रूपमा माननीय अर्थमन्त्री श्री पुनले प्रथम चौमासिक अवधिमा राजस्वको वृद्धिदर ३१ प्रतिशत रहनु सराहनीय भएको भन्दै बधाई ज्ञापन गर्नुभयो । यस्तो राजनीतिक तरलताको अवस्थामा पनि करदाताहरू सकारात्मक रही कर तिरिरहनुले कर प्रशासन करदाता मैत्री भएको प्रमाणित भएको धारणा राख्नुभयो । यस्तै माननीय अर्थमन्त्री श्री पुनले कर प्रशासकहरूलाई राम्रो नियत राखेर काम गर्न, व्यावसायिकता, नैतिकता र सदाचारितामा सँधै अब्बल रहन निर्देशन दिनुका साथै राम्रो नियतले गरेको कामको मन्त्री, सचिव र महानिर्देशकले सँधै बचावट गरिरहने समेत प्रतिबद्धता जनाउनुभयो । विभागले सञ्चालन गरिरहेका कारदाता शिक्षा कार्यक्रमहरूले आम करदाताहरूमा करप्रतिको सकारात्मक सचेतना अभिवृद्धि भइरहेको हुँदा करदाता शिक्षाकै माध्यमबाट करको दायरा विस्तार गर्न र प्रदर्शनीय प्रभाव (demonstrative

(बाँकी पृष्ठ ३ मा)

## चालु आ.व. को प्रथम ६ महिनामा २१ प्रतिशतले राजस्व वृद्धि

आ. व. २०६९/७० पौषसम्मको राजस्व संकलन विवरण (रु. लाखमा)

| शीर्षक | २०६९/७० पौषसम्म लक्ष्य | २०६९/७० पौषसम्म असुली | प्रगति (%) | २०६८/६९ पौषसम्मको असुली | गत आ.व.को तुलनामा प्रगति (%) |
|---|---|---|---|---|---|
| आयकर | २८९१९५ | ३०६४८३ | १०६ | २३५१३१ | १३० |
| मूल्य अभिवृद्धि कर | १३९४५२ | १३४९४६ | ९७ | १२१०६३ | १११ |
| अन्त:शुल्क | १०६१८९ | १०११२७ | ९५ | ९०९२७ | १११ |
| शिक्षा सेवा शुल्क | १४५५ | १६३७ | ११२ | १०७६ | १५२ |
| जम्मा | ५३६२९२ | ५४४१९३ | १०१ | ४४८१९७ | १२१ |




आन्तरिक राजस्व विभाग अन्तर्गत चालु आ.व. २०६९/७० को पौष महिनासम्ममा जम्मा रु. ५४ अर्ब ४१ करोड ९३ लाख राजस्व संकलन भएको छ । उक्त रकम गत आ. व. २०६८/६९ को सोही अवधिको तुलनामा २१ प्रतिशतले बढी हो । यस अवधिका लागि निर्धारित लक्ष्य रु. ५३ अर्ब ६२ करोड ९२ लाखको तुलनामा संकलित राजस्व रु. ७९ करोड ०१ लाखले बढी हो । शीर्षकगत रूपमा हेर्दा यस अवधिमा आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क र शिक्षा सेवा शुल्क क्रमश: ३० अर्ब ६४ करोड ८३ लाख रुपैंया, १३ अर्ब ४९ करोड ४६ लाख रुपैंया, १० अर्ब ११ करोड २७ लाख रुपैंया र १६ करोड ३७ लाख रुपैंया संकलन भएको छ ।

शीर्षकगत रूपमा विश्लेषण गर्दा यस अवधिको लागि निर्धारित लक्ष्यको तुलनामा आयकर र शिक्षा सेवा शुल्कको संकलन लक्ष्यभन्दा बढी भएको छ । यस्तै यस अवधिको लागि मूल्य अभिवृद्धि कर र अन्त:शुल्कको संकलन निर्धारित लक्ष्यभन्दा केही घटी भएको छ ।

### आँखीभ्याल

आन्तरिक राजस्व कार्यालयहरुको अनुगमन तथा निरीक्षण — पृष्ठ ५

करसम्बन्धी महत्वपूर्ण जानकारी — पृष्ठ ७

करदाता शिक्षा कार्यक्रमहरु सम्पन्न — पृष्ठ १०



कर तिर्नु कानूनी कर्तव्य मात्र होइन, सम्मान पाउने अवसर पनि हो ।



# महानिर्देशकको सन्देश

**कर प्रशासन अत्यधिक करदातामैत्री हुन नै चाहेको छ । करदाताहरूलाई करले होइन रहरले कर तिर्ने वातावरण बनाउन कर प्रशासन तल्लीन छ । यस अवसरको आम करदाताले फाइदा लिनको लागि आग्रह गर्दछु । तर करदातामैत्री प्रशासन गर्दागर्दै पनि कर कानुनको अवज्ञा गर्ने, कर छली र चुहावट गर्ने, गलत मनसाय राखी कर प्रशासनका कर्मचारीलाई दबाब, प्रभाव र मुलाहिजामा पार्न खोज्नेहरूप्रति कर प्रशासन कानुन पालना गराउन खरो रूपमा नै उत्रनुपर्दछ ।**

२०६९ साल मंसिर ७ गते मैले आन्तरिक राजस्व विभागको महानिर्देशकको जिम्मेवारी सम्हालेको एक वर्ष पूरा भई दोस्रो वर्ष लागेको छ । यस एक वर्षको अवधिको लेखाजोखा गर्नु उपयुक्त नै हुनेछ। यस अवधिमा राजस्व लक्ष्य भन्दा बढी संकलन भएको छ । कर प्रशासनको सार्वजनिक रूपमा उपस्थिति बढेको छ । कर शिक्षा र जागरणको कार्यक्रमहरूमा व्यापक सहभागिता बढेको छ । कर प्रशासनको पाँच वर्षीय रणनीतिक योजना र तीन वर्षीय सुधार योजना कार्यान्वयनमा ल्याइएको छ । कर प्रशासनको पहुँच विस्तार गर्न १३ वटा जिल्लामा थप करदाता सेवा कार्यालयहरू स्थापना गरिएका छन् भने कर प्रशासनको आन्तरिक व्यवस्थापनमा सुधार गरिएको छ । त्यस्तै बहुचर्चित नक्कली बिल बिजक प्रकरणमा ५१८ केसको छानबिन सम्पन्न गरी रु. ६ अर्ब ६० करोड भन्दा बढी कर निर्धारण भई असुलीको प्रक्रियामा रहेको छ । विगतदेखिको बक्यौता असुलीको लागि कडा रूपमा कानुनी कारवाहीको प्रक्रिया अपनाइएको छ। विगतदेखि फछ्र्यौट हुन नसकेका प्रशासकीय पुनरावलोकनका धेरै केसहरू टुङ्गो लगाइएको छ ।

घर बहाल कर, एकीकृत बजार अनुगमन, अवैध मदिरा अनुगमन, राजमार्गमा बिलबिजक अनुगमन, नक्कली बिल छानबिन प्रकरण र मिसम्याचको विषय र कर शिक्षा सूचना तथा सञ्चारको अभियानले करको चर्चा घर-घरसम्म पुगेको छ । सरकारले यस आर्थिक वर्षलाई करप्रणाली सुधार वर्ष घोषणा गरी करको चर्चा घर-घरसम्म गरौं, कर तिरौं राष्ट्र निर्माणमा सहभागी बनौं भन्ने राष्ट्रिय नारा नै तय गरेको छ । यही सिलसिलामा नेपालको कर प्रशासनको इतिहासमा प्रथम पटक मंसिर १ गते राष्ट्रिय कर दिवस समेत भव्यताका साथ मनाइएको छ । यी सबै उपलब्धि हुनुको पछाडि नेपाल सरकारको निर्देशन, आम उपभोक्ता नागरिक करदाताहरूको सहयोग र कर प्रशासनको सुनिश्चित योजनासहित सञ्चालन र कर प्रशासनका हरेक तहका कर्मचारीको मेहनतको नतिजा हो । कर प्रशासनको सबै क्षेत्रबाट प्रशंसा भएको छ । कर प्रशासनको कार्यसम्पादनको सराहना गर्दै हौसला प्रदान गर्नु हुने शुभचिन्तक र शुभेच्छुकहरूप्रति कर प्रशासनको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

विभागले प्राप्त गरेका उपलब्धिहरू योजनाबद्ध ढंगबाट कार्यसम्पादन गर्दाका नतिजा हुन् । यो रणनीतिक योजना अन्तर्गतको अपेक्षाकृत उपलब्धि हो । हामीले यस एक वर्षमा तयार गरेका योजना र रणनीतिहरूलाई टिकाई राख्न र दिगोपना दिन थप चुनौतिपूर्ण छ । यसमा कर प्रशासनका साथीहरूले सदैव हेक्का राख्नुपर्दछ । कर प्रशासन अहिले सबैको प्रशंसाको साथै निगरानीको केन्द्र पनि बनेको छ । उदाहरणका रूपमा २०६९ मंसिर महिनाको राजस्व लक्ष्य एकाध प्रतिशतले पुगेनछ । यो विषय अर्थ प्रशासन भित्रै र सञ्चार जगतमा समेत निकै ठूलो चर्चा, परिचर्चाको विषय बन्न पुग्यो । यसो हुनुमा विगत एक वर्षदेखि लक्ष्य अनुसार प्रगति भइरहेकोमा लक्ष्य पूरा हुन्छ भन्नेमा बढी विश्वस्त रहेको र लक्ष्य समायोजनको प्राविधिक कारण पनि रहेको छ ।

यस घटनाले कर प्रशासनलाई अत्यन्त सचेत र सजग बनाएको छ । त्यही सजगताले थप उर्जा उत्पन्न भई २०६९ पौष महिनासम्मको रु.५३ अर्ब ६२ करोडको लक्ष्यको तुलनामा रु. ५४ अर्ब ४२ करोड संकलन भएको छ । पौषसम्मको लक्ष्यभन्दा करिब रु.१४० करोड बढी असुल भएको छ । यस नतिजा प्राप्त गर्न कर प्रशासनका साथीहरूले अहोरात्र मेहनत गर्नुभएको छ । आगामी महिनाहरूमा समेत राजस्वको लक्ष्य चूनौतीपूर्ण नै छ । अबका दिनहरूमा पनि पौष महीनाकै जस्तो सक्रियता र गतिशीलता नअपनाए लक्ष्य पूरा गर्न कठिन हुनेछ । हाल कुल राजस्व असुली लक्ष्य अनुसार प्रगति भएतापनि शीर्षकगत रूपमा अन्तःशुल्क राजस्व र मूल्य अभिवृद्धि कर लक्ष्य अनुसार प्रगति भएको छैन ।

कर राजस्व संकलनका लागि करको सालवसाली नीति, कर कानुनहरूको प्रभावकारी कार्यान्वयन र कानुनी कारवाही, करदाता सेवा र कर प्रशासनको सक्रियता नै मुख्य औजारहरू हुन् । चालू आर्थिक वर्षको पूर्ण बजेट तथा राजस्व नीति नै सार्वजनिक हुन नसकेको कारणले कर संकलनमा पुरानै नीति तथा करका दरहरूमा निर्भर रहनुपरेको छ । खास गरी अन्तःशुल्कको नीति र दरबन्दी साविक बमोजिम नै रहेकोले अन्तःशुल्कको वृद्धि दर मुद्रास्फितिको दरको हाराहारीमा मात्र रहेको छ । तर अन्तःशुल्क राजस्वको लक्ष्य भने करिब २५ प्रतिशतले वृद्धि गरिएको छ । यो लक्ष्य पूरा गर्न अबका महिनाहरूमा समेत चूनौतीपूर्ण छ । यसमा अन्तःशुल्कजन्य पदार्थहरूको उत्पादन र बिक्री वितरणमा हुने चुहावट नियन्त्रण गर्न विशेष पहल गर्नुपर्ने देखिन्छ । त्यस्तै मूल्य अभिवृद्धि करको वृद्धि दर पनि अपेक्षित रुपमा सन्तोषजनक देखिएको छैन । यसको लागि कार्यालयहरूबाट राजमार्ग तथा बजारमा बिल बिजक अनुगमनको कार्यक्रम थालनी भइसकेको छ । आगामी दिनहरूमा समेत घनीभूत रूपमा बजारमा बिलबिजक अनुगमनको जरुरी छ । कर प्रशासनको अनुगमनको प्रयासले मात्र बिल बिजक लिने दिने कार्यमा अपेक्षित सुधार हुँदैन । यसको लागि केन्द्रीय तथा स्थानीय तहमा उपभोक्ता जागरण कार्यक्रम सञ्चालन गर्नुको साथै बिल बिजक जारी नगर्ने विशेष आदेशबाट जरिवाना गरिएका फर्महरूलाई थप अनुसन्धान गरी कानुनी कारवाहीको दायरामा ल्याइनुपर्दछ ।

यस वर्ष करको दायरा विस्तार गर्न र कर सहभागिता बढाउन करदाता सेवा, शिक्षा तथा जागरणमा प्राथमिकता दिइएको छ । हाल आयकरतर्फ दर्ता भएका मध्ये आधा करदाताले विवरण नदिने र मू.अ.करतर्फ करिब एक चौथाइले विवरण नदिएको अवस्था छ । आगामी दिनमा करको दायरामा नआएको क्षेत्र पहिचान गरी दायरामा ल्याउने, करमा दर्ता भएर विवरण नदिने करदाता पहिचान गरी त्यस्ता करदाताको स्थिति निरुपण गर्ने, घर बहाल करलाई स्थानीय निकायहरूसँग समन्वय गरी व्यापक रूपमा अभियान चलाई दायरामा ल्याउने, डाक्टर, इन्जिनियर, कानुन व्यवसायी, कलाकार, परामर्शदाताहरूलाई करको दायरामा ल्याउने, विगतदेखिको तिर्न बाँकी बक्यौता असुलीको लागि कानुनी कारवाहीको प्रक्रिया अगाडि बढाउने, वर्षौंदेखि उपभोक्ताबाट उठाएको मू.अ.कर जस्तो रकम पनि राजस्व दाखिला नगर्ने र स्रोतमै कट्टी गरिएको रकम समयमा राजस्व दाखिला नगरी अन्यत्र प्रयोग गर्ने वा मस्यौट गर्नेहरूलाई कानुनी कारवाहीको दायरामा ल्याई असुल गर्न तदारुकता अपनाइनुपर्दछ ।

अहिले कर प्रशासनले कर शिक्षा, सूचना, तथा कर जागरणमा विशेष प्राथमिकता दिएको छ । आम करदाता नागरिकहरूलाई कर प्रशासनले आदर र सम्मान गर्नेछ । कर प्रशासन अत्यधिक करदातामैत्री हुन नै चाहेको छ । करदाताहरूलाई करले होइन रहरले कर तिर्ने वातावरण बनाउन कर प्रशासन तल्लीन छ । यस अवसरको आम करदाताले फाइदा लिनको लागि आग्रह गर्दछु । तर करदातामैत्री प्रशासन गर्दागर्दै पनि कर कानुनको अवज्ञा गर्ने, कर छली र चुहावट गर्ने, गलत मनसाय राखी कर प्रशासनका कर्मचारीलाई दबाब, प्रभाव र मुलाहिजामा पार्न खोज्नेहरूप्रति कर प्रशासन कानुन पालना गराउन खरो रूपमा नै उत्रनुपर्दछ । त्यसै गरी कसैप्रति आग्रह पूर्वाग्रह राखी करदाता नागरिकहरूलाई अनावश्यक दुःख र हैरानी दिने कर प्रशासनका कर्मचारीहरूमाथि पनि निगरानी राखी कारवाहीको दायरामा ल्याउन विभाग पछि पर्ने छैन । कर प्रशासनका कर्मचारीहरूले पनि भनाइमा मात्र होइन गराइमा नै करदातामैत्री भई करको शिक्षा र सेवा प्रवाहको माध्यमबाट कर संकलन गर्न आग्रह गर्दछु ।

**माघ २०६९**

**टंकमणि शर्मा**
**महानिर्देशक**



कुनै पनि सामान खरीदबिक्री गर्दा बिल लिनेदिने बानी बसालौं ।

# प्रथम चौमासिक समीक्षा गोष्ठी सम्पन्न

पृष्ठ १ बाट जारी




समीक्षा गोष्ठीमा मा.अर्थमन्त्री श्री वर्षमान पुन तथा अन्य पदाधिकारीहरू




प्रथम चौमासिक समीक्षा गोष्ठीमा सहभागी आन्तरिक राजस्व विभागका महानिर्देशक, उपमहानिर्देशक लगायतका पदाधिकारीहरू

effect) पर्ने गरी सही नियतले अनुसन्धानात्मक कारवाही गर्न समेत निर्देशन दिनुभयो । त्यसैगरी निर्देशनकै क्रममा अर्थ सचिव श्री सुवेदीले सूचनालाई आधार बनाएर स्थलगत कर परीक्षणको कार्यमा विशेष जोड दिन, सदाचार पद्धति कायम राख्न र Functional Target लाई महत्व दिएर आ-आफ्ना कार्यालयहरूले पाएको म्यान्डेट अनुसार कार्य गर्न निर्देशन दिनुभयो । सो क्रममा अर्थ सचिव श्री सुवेदीले आर्थिक अनुशासन कायम राख्न र राजस्व संकलनमा कुनै प्रकारको सम्झौता नगर्न समेत निर्देशन दिनुभयो ।

गोष्ठीलाई सम्बोधन गर्ने क्रममा विभागका महानिर्देशक श्री टंकमणि शर्माले कर प्रणाली सुधार गर्ने सन्दर्भमा हालै नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी कार्यान्वयनमा आएका पाँच वर्षे रणनीतिक योजना र तीन वर्षीय कर प्रणाली सुधार योजनाको महत्व माथि प्रकाश पार्दै आगामी दिनहरूमा विभाग तथा अन्तर्गतका कार्यालयहरूले गर्ने क्रियाकलापहरू यही दुईवटा नीति दस्तावेजहरूको अधीनमा रहेर मात्र सम्पादन गरिने जानकारी दिनुभयो । साथै विभागका सबै शाखाका निर्देशक एवं कार्यालय प्रमुखहरूलाई सोही नीति दस्तावेज अनुसार हुने गरी विभागको भावी कार्ययोजना बनाउन समेत निर्देशन दिनुभयो । सो अवसरमा अर्थ मन्त्रालयका सहसचिवद्वय श्री महेश दाहाल र श्री कृष्णप्रसाद देवकोटा एवं विभागका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

महानिर्देशक श्री शर्माको अध्यक्षतामा सम्पन्न सो गोष्ठीमा विभागका उपमहानिर्देशकहरू श्री राममणि दुवाडी, श्री रामशरण पुडासैनी र श्री विष्णुप्रसाद नेपाल तथा सूचना प्रविधि विज्ञ श्री वीरेन्द्रकुमार मिश्र लगायत आन्तरिक राजस्व विभागका निर्देशकहरू, ठूला करदाता कार्यालय, २२ वटै आन्तरिक राजस्व कार्यालयहरू र काठमाडौं उपत्यकाभित्रका करदाता सेवा कार्यालयहरूमा कार्यरत प्रमुख कर प्रशासकहरू तथा प्रमुख कर अधिकृतहरूको सहभागिता थियो । सो गोष्ठीको प्रारम्भ महानिर्देशक श्री शर्माले गर्नुभएको थियो भने नीति विश्लेषण महाशाखाका उपमहानिर्देशक श्री पुडासैनीले चौमासिक समीक्षा आ.व. ०६९/०७०: अनुगमन तथा मूल्याङ्कन शाखा विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो क्रममा उपस्थित ३६ वटै कार्यालयका प्रमुखहरूले राजस्व संकलनको स्थिति, बक्यौता असुली, बेरुजुको स्थिति, पूर्ण कर परीक्षणको अवस्था, अनुसन्धानात्मक कर परीक्षणको स्थिति, प्रशासकीय तथा आन्तरिक पुनरावलोकनको अवस्था, राजस्व न्यायाधिकरण र सर्वोच्च अदालतमा गएका मुद्दाहरूको स्थिति, फैसला भएका मुद्दाहरूको कार्यान्वयनको अवस्था, करदाता दर्ताको स्थिति, Mismatch अन्तर्गत छनौट भएका फाइलहरूको अवस्था तथा कार्यालयसम्बन्धी अन्य विषयहरूमा केन्दीत रहेर आ-आफ्ना कार्यालयको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो । कार्यालयहरूको प्रस्तुतिको क्रम समाप्त भएपछि विभागकातर्फबाट अन्तःशुल्कसम्बन्धी, सञ्चालन महाशाखासम्बन्धी र सूचना प्रविधिसम्बन्धी कार्यपत्रहरू सम्बन्धित महाशाखाका उपमहानिर्देशकहरू क्रमशः श्री दुवाडी, श्री नेपाल र श्री मिश्रले प्रस्तुत गर्नुभएको थियो ।



प्रथम चौमासिक समीक्षा गोष्ठीमा सहभागी आन्तरिक राजस्व विभागका कर्मचारीहरू



कर सम्बन्धी दायित्वहरु समयमा नै पूरा गरी सचेत नागरिकको परिचय दिऔं ।

# करदाता सेवा कार्यालयहरूको समुद्घाटन सम्पन्न

### करदाता सेवा कार्यालय, धनकुटा

यही माघ ४ गते बिहिबारका दिन पूर्वाञ्चल क्षेत्रीय प्रशासक श्री जनार्दन नेपालबाट करदाता सेवा कार्यालय, धनकुटाको समुद्घाटन सुसम्पन्न भयो । उक्त समुद्घाटन कार्यक्रममा प्रमुख अतिथिको मन्तव्य राख्नुहुँदै क्षेत्रीय प्रशासक श्री नेपालले मुलुक WTO मा प्रवेश गरिसकेको अवस्थामा भन्सारबाट उठ्ने राजस्व क्रमशः घट्दै जाने सन्दर्भमा आन्तरिक राजस्वको असुलीमा वृद्धि गर्नुपर्ने टड्कारो आवश्यकता औंल्याउनुभयो । त्यसका लागि करदाता सेवा कार्यालयको स्थापनाले महत्वपूर्ण भूमिका खेल्ने उहाँको धारणा थियो । सोही क्रममा उहाँले पूर्वाञ्चलका अन्य जिल्लाहरूमा समेत करदाता सेवा कार्यालयहरूको स्थापनाको लागि जनस्तरबाट माग भइरहेको समेत जानकारी दिनुभयो ।




आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा मन्तव्य राख्दै महानिर्देशक श्री शर्माले २५ सयभन्दा बढी करदाता रहेको स्थानमा करदाता सेवा कार्यालय र १० हजारभन्दा बढी करदाता रहेको स्थानमा आन्तरिक राजस्व कार्यालयको स्थापना गर्ने नेपाल सरकारको सोचाइ रहेको बताउनुभयो । महानिर्देशक श्री शर्माले आन्तरिक राजस्व कार्यालय धरानको कार्यक्षेत्र विकट पहाडी जिल्लाहरू समेतमा भएको हुँदा करदाताहरूलाई सरल र सहज रुपमा सेवा तथा शिक्षा प्रदान गर्न आगामी वर्षहरूमा तेह्रथुम, सङ्खुवासभा र भोजपुरलाई समेत समेट्ने गरी अर्को करदाता सेवा कार्यालय खोल्न प्रयास गरिने बताउनुभयो । कार्यालय स्थापना गर्नु ठूलो कुरा नभई त्यसलाई चलायमान गराउँदै करदाताहरूको सेवा, करदातालाई करसम्बन्धी शिक्षा, सूचना तथा करसँग डर होइन भर गर्ने वातावरण निर्माण गर्न कर प्रशासन र उद्योग वाणिज्य संघ दुवैको उत्तिकै भूमिका रहने उहाँले बताउनुभयो ।

आन्तरिक राजस्व कार्यालय, धरानका प्रमुख कर अधिकृत श्री तुलसीराम सेढाईंले प्रमुख अतिथि तथा उपस्थित महानुभावहरूलाई स्वागत गर्नुभयो भने उद्योग वाणिज्य संघ, धनकुटाका अध्यक्ष श्री लालचन गोङ्वाले व्यवसायीहरूकातर्फबाट मन्तव्य राख्नुभएको थियो ।

### करदाता सेवा कार्यालय, गाईघाट

यही पौष १७ गते आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माबाट करदाता सेवा कार्यालय गाईघाटको औपचारिक समुद्घाटन भएको छ । करदाता सेवा कार्यालय, गाईघाटको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री शर्माले यस जिल्लामा राजस्व वृद्धिको प्रचुर सम्भावना रहेको हुँदा उद्योगी व्यवसायीहरूलाई करसँग डर हैन भर गरी राजस्व असुलीमा योगदान गर्न आह्वान गर्नुभयो । यस्तै उहाँले बक्यौता असुलीका लागि सहयोग गर्न पनि व्यवसायीहरूलाई आग्रह गर्नुभयो । सो समारोहमा जिल्ला विकास समिति उदयपुरका स्थानीय विकास अधिकारी श्री गोपालकुमार अधिकारी र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय उदयपुरका कार्यालय प्रमुख रमाकान्त दुवाडीलाई personal e-PAN र अन्य व्यवसायीहरूलाई व्यावसायिक PAN समेत वितरण गरिएको थियो । सो कार्यक्रममा उदयपुर जिल्लाका सवैजसो सरकारी कार्यालयका कार्यालय प्रमुखहरू, विभिन्न पेशागत संघ, संगठनका प्रतिनिधिहरू, पत्रकारहरू तथा उद्योगी व्यवसायीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । साथै सो कार्यक्रममा आन्तरिक राजस्व कार्यालय लहान, भद्रपुर र विराटनगरका प्रमुख कर अधिकृतहरू श्री रामप्रसाद पाठक, डा. नारायण ढकाल र श्री दीर्घराज मैनाली र राजस्व अनुसन्धान पूर्वाञ्चल क्षेत्रीय कार्यालय ईटहरीका प्रमुख अनुसन्धान अधिकृत श्री नारायणकुमार कार्कीको समेत उपस्थिति रहेको थियो । करदाता सेवा कार्यालयले गाईघाटमा २०६९ भाद्र १७ गतेदेखि नै कार्यालय सञ्चालन गरी करदाताहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ । हाल सो कार्यालयमा कर अधिकृत श्री ईश्वरप्रसाद जोशी लगायत जम्मा ६ जना कर्मचारीहरू कार्यरत रहेका छन् ।




### करदाता सेवा कार्यालय, गौर

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले यही पौष १८ गते रौतहट जिल्लाको सदरमुकाम गौरमा दीप प्रज्जवलन तथा PAN कार्ड वितरण गरी करदाता सेवा कार्यालय गौरको समुद्घाटन गर्नुभयो । उद्घाटनको अवसरमा करदातासँग अन्तरक्रिया समेत आयोजना गरिएको थियो । सो अवसरमा मन्तव्य राख्नुहुँदै महानिर्देशक श्री शर्माले कर राज्य सञ्चालनको प्रमुख आधार रहेको बताउँदै कर प्रणाली सुदृढ गर्दै लगिने बताउनुभयो । कर चुहावट गर्ने जो कोही पनि कानुनी सजायको भागीदार हुनुपर्ने बताउँदै महानिर्देशक श्री शर्माले समग्र करदाताहरूलाई इमान्दारीपूर्वक व्यापार व्यवसाय तथा पेशा गरी राज्यलाई कर तिरेर राज्य निर्माणमा सहयोग पुऱ्याउन आग्रह गर्नुभयो । अन्तरक्रियाका सन्दर्भमा उठेका प्रश्नहरूको जवाफ दिँदै सो कार्यक्रमलाई रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शिवहरी उपाध्यायले समेत सम्बोधन गर्नुभयो । उहाँले कर कार्यालयको स्थापनाले जिल्लास्थित सबैमा खुसी छाएको उल्लेख गर्दै कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य भएको बताउनुभयो । सो कार्यक्रममा आन्तरिक राजस्व कार्यालय सिमरा, बाराका प्रमुख कर अधिकृत श्री दीपककुमार पहाडीले स्वागत मन्तव्य राख्नुहुँदै करदाता सेवा कार्यालयका काम कर्तव्य तथा कार्यक्षेत्रका बारेमा स्पष्ट पार्नुभएको थियो । सो अवसरमा रौतहट जिल्लाका उद्योगी व्यापारी तथा वस्तुगत संघ संगठनकोतर्फबाट उद्योग वाणिज्य संघका अध्यक्ष श्री देवप्रयाग गुप्ताले मन्तव्य राख्दै सेवा कार्यालयको स्थापना भएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले उद्योगी तथा व्यापारीलाई कर तिर्नको लागि दिनभर लाग्ने अवस्थाको अन्त्य भएकोमा धन्यवाद दिँदै आगामी दिनमा गुणस्तरीय सेवा प्रदान गर्ने दिशातिर कार्यालय अग्रसर रहोस् भन्ने अपेक्षा राख्नुभयो ।

उक्त समारोहमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका जिल्लास्थित प्रमुखहरू, आन्तरिक राजस्व कार्यालय सिमरा, हेटौंडा तथा जनकपुरका प्रमुख कर अधिकृतहरू तथा राजस्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख अनुसन्धान अधिकृत, जिल्लास्थित उद्योग वाणिज्य संघका अध्यक्ष तथा सदस्यहरू, उद्योगी, व्यापारी, विभिन्न वस्तुगत संघ संगठनका प्रतिनिधिहरू तथा पत्रकारहरूको उपस्थिति थियो । सो अवसरमा गौरस्थित पुरानो कर कार्यालयको जीर्ण भवनको निरीक्षण गरी नयाँ भवन निर्माणको लागि आवश्यक प्रक्रिया थाल्न महानिर्देशक श्री शर्माले निर्देशन दिनुभयो ।


अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार गर्नु अगाडि अन्तःशुल्क इजाजत लिन नबिर्सौं ।

# आन्तरिक राजस्व कार्यालयहरूको अनुगमन तथा निरीक्षण

अर्थ सचिव श्री शान्तराज सुवेदीले आन्तरिक राजस्व कार्यालय, विराटनगरको यही मंसिर २९ गते स्थलगत निरीक्षण गर्नुभयो । निरीक्षणको क्रममा कार्यालयको बैंक काउन्टर, करदाता सेवा काउन्टर, बैठक कक्ष लगायत कार्यालयको समग्र Layout को करदाता मैत्री कार्य वातावरणप्रति उहाँले सन्तोष व्यक्त गर्नुभयो । कार्यालयको समग्र राजस्व संकलनमा समेत लक्ष्य अनुरूप प्रगति भएको र अन्य काम कारवाही समेत उत्कृष्ट रहेको भन्दै आगामी दिनमा अझ उच्च मनोबलका साथ कार्यसम्पादन गर्न उहाँले निर्देशन दिनुभयो । निर्देशनकै क्रममा बाँकी अवधिको राजस्व संकलन लक्ष्य अनुरूप हासिल गर्न कार्ययोजना सहित कार्यसम्पादन गर्न, बेरूजु कम हुने गरी कार्य सम्पादन गर्न एवं करदाता सेवा र करदाता शिक्षामा विशेष ध्यान पुऱ्याउन निर्देशन दिनुभयो । अर्थ मन्त्रालयका सहसचिवद्वय श्री महेश दाहाल र श्री राजीव गौतम समेतको उपस्थिति रहेको सो निरीक्षण कार्यक्रमको अवसरमा आन्तरिक राजस्व कार्यालय विराटनगरका प्रमुख कर अधिकृत श्री दीर्घराज मैनालीले कार्यालयको समग्र कार्यसम्पादन र वस्तुस्थितिको बारेमा जानकारी गराउनुभएको थियो ।

कार्यालयहरूको अनुगमन तथा निरीक्षणकै क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले मिति २०६९ साल पौष १२ देखि १७ गतेसम्म आन्तरिक राजस्व कार्यालयहरू भरतपुर, हेटौंडा, सिमरा, जनकपुर, लहान, विराटनगर, धरान र कर



दाता सेवा कार्यालयहरू बर्दिवास र ईटहरीको स्थलगत निरीक्षण गर्नुभयो । महानिर्देशक श्री शर्माले उक्त कार्यालयहरुमा निर्देशन दिने क्रममा चालु आर्थिक वर्षलाई कर प्रणाली सुधार वर्ष घोषणा गरिएकोले करदाता शिक्षा, सूचना तथा सञ्चारसम्बन्धी कार्यक्रमहरु तयार गरी व्यापक रुपमा सचेतना अभियान सञ्चालन गर्ने, नयाँ क्षेत्रलाई करको दायरामा ल्याउन सर्वेक्षण गर्ने, घरबहाललाई करको दायरामा ल्याउन विशेष पहल गर्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले कार्यालयको हालसम्मको राजस्व संकलन प्रगति सन्तोषजनक रहेकोले बाँकी अवधिको पनि राजस्व संकलन लक्ष्य पूरा गर्न विशेष ध्यान दिन र कार्यालयको भौतिक अवस्था सुदृढ बनाउन निर्देशन दिनुभयो । त्यस्तै बजार अनुगमन गर्दा स्थानीय प्रशासन र उद्योग वाणिज्य संघको सहयोग र समन्वयमा गर्न, करदाता शिक्षा र जनचेतना कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्न, दुर्गम स्थानमा टोली खटाई कर दर्ता एवं विवरण लिन, अवैध मदिरा नियन्त्रण गर्न स्थानीय प्रशासन र प्रहरीसँग समन्वय गर्न र कर्मचारीहरूलाई उच्च मनोबलका साथ विभागको नीति र निर्देशनबमोजिम सदाचार पद्धतिमा कुनै सम्झौता नगरी कार्य गर्न निर्देशन दिनुभयो । सो अवसरमा सम्बन्धित कार्यालयका प्रमुख कर अधिकृतहरुले कार्यालयले सम्पादन गरेका मुख्य काम, समस्या एवं विभागसँगको अपेक्षाको बारेमा महानिर्देशकलाई अवगत गराउनुभएको थियो ।

त्यसैगरी विभागको अनुगमन शाखाले गर्ने कार्यगत लक्ष्यको अनुगमन अन्तर्गत गत मंसिर महिनामा आन्तरिक राजस्व कार्यालयहरू भक्तपुर, धनगढी, महेन्द्रनगर र करदाता सेवा कार्यालय, टंगालको अनुगमन गर्ने कार्य सम्पन्न भयो । उक्त अनुगमन टोलीको नेतृत्व विभागका उपमहानिर्देशक श्री रामशरण पुडासैनीले गर्नुभएको थियो । साथै मंसिर महिनासम्मको राजस्व असुली लक्ष्य अनुरुप नभएकोले सो सम्बन्धमा र पौष महिना तथा पौष महिनासम्मको राजस्व असुली लक्ष्य अनुरुप हासिल गर्ने गराउने सिलसिलामा पौष १२ देखि १६ सम्म सञ्चालन महाशाखाका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालको नेतृत्वमा आन्तरिक राजस्व कार्यालयहरु हेटौंडा, सिमरा, वीरगञ्ज र भरतपुरको स्थलगत निरीक्षण गर्ने कार्य सम्पन्न भयो ।

पौष महिनामा तोकिएको राजस्वको लक्ष्य पुऱ्याउने सन्दर्भमा यही पौष २८ गते शनिबारका दिन समेत देशभरिका आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरू खुला गरिएको थियो । त्यसै सन्दर्भमा राजस्व असुलीलाई थप प्रभावकारी बनाउनका लागि विभागका उपमहानिर्देशकहरु श्री राममणि दुवाडी, श्री रामशरण पुडासैनी, श्री विष्णुप्रसाद नेपाल र सूचना प्रविधि विज्ञ श्री वीरेन्द्रकुमार मिश्रको नेतृत्वमा विभिन्न टोलीहरू परिचालित भई उपत्यका भित्रका कार्यालयहरूको निरीक्षण गरिएको थियो ।

# एकीकृत बजार अनुगमन कार्यक्रम सञ्चालन

आन्तरिक राजस्व विभागले कर प्रणाली सुधार वर्ष २०६९ लाई थप प्रभावकारी बनाउने सन्दर्भमा गत पौष महिनाको ११ र १२ गते बिलबिजक चेक जाँचसम्बन्धी एकीकृत बजार अनुगमन कार्यक्रम सञ्चालन गऱ्यो । सो कार्यक्रम अन्तर्गत यस विभाग र अन्तर्गतका कार्यालयहरूबाट व्यापारिक वस्तुहरुको आन्तरिक ओसारपसारसम्बन्धी नियमित गर्ने सन्दर्भमा राजमार्ग तथा लोकमार्गहरूमा चल्ने सवारी साधनहरूमा बिल बिजक जाँच परीक्षण गरेको थियो । यस अनुगमनका क्रममा देशभर का सबै कार्यालयहरूबाट जम्मा ६५३ वटा सवारी साधनहरूको चेक जाँच गरिएको थियो । सो मध्ये ४५ वटा सवारी साधनहरूमा बिल बिजक दुरूस्त राखेर माल सामानहरू वसार पसार गरेको नपाइएको कारण उक्त सवारी साधनहरूबाट २ लाख ४० हजार जरिवाना गरिएको थियो ।

त्यसैगरी गत भाद्र १७ देखि २४ गतेसम्म जम्मा २६५ वटा होटल, शिक्षा र हार्डवेयर क्षेत्रका करदाताहरूको बजार अनुगमन गरी ९ जना करदातालाई विशेष आदेश जारी गरिएको र अन्य केहीबाट जरिवाना स्वरूप रू. २१ हजार असुल गरिएको थियो । एकीकृत बजार अनुगमनकै क्रममा आश्विन १७ देखि कार्तिक ३ सम्म २२७२ करदाताहरूको बिल बिजकको अनुगमन गरी २२१ लाई विशेष आदेश जारी गरिएको र अन्य बिल बिजक जारी नगर्ने करदाताहरूबाट जरिवाना स्वरूप रू. १४ लाख १२ हजार असुल उपर गरिएको थियो ।

नेपाल सरकार, शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना, २०६९ को सामाजिक सुधार अन्तर्गतको क्रियाकलापको कार्यान्वयन गर्ने सिलसिलामा विभागले आफ्ना मातहतका आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयहरू मार्फत् पार्टी प्यालेस, बैंक्वेट, होटल तथा रेस्टुरेन्टहरूमा भोजभतेर गर्ने व्यक्तिहरूको नामावली संकलन गर्ने, सोको विश्लेषण गरी सम्बन्धित व्यक्तिहरू मार्फत् आय विवरण लिने, कर निर्धारण गर्ने एवं स्रोत एकिन गर्ने लगायतका कार्यहरू निरन्तर रूपमा भइरहेका छन् ।

# आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३



**जयदेव श्रेष्ठ**
**प्रमुख कर प्रशासक**

**पृष्ठभूमि :**

आन्तरिक राजस्व कार्यालयका मूलभूत उद्देश्यहरू राजस्व संकलन गर्ने, कर कानुनको पालना गराउने तथा मर्यादित एवं सुरक्षित व्यवसाय सञ्चालनको लागि सहयोग गर्नु हुन् । गत आर्थिक वर्ष २०६८/०६९ मा यस कार्यालयको राजस्व संकलनको लक्ष्य रू. २ अर्ब ८५ करोड ४९ लाख १७ हजार तोकिएकोमा रू. ३ अर्ब २ करोड ६८ लाख ६६ हजार राजस्व संकलन भएको थियो । सो संकलन लक्ष्यको १०६ प्रतिशत हो ।

यस कार्यालय अन्तर्गत त्रिपुरेश्वर, नयाँ सडक र ठमेल गरी तीनवटा करदाता सेवा कार्यालयहरू रहेका छन् । उक्त कार्यालयहरूबाट करदाताहरूलाई करसम्बन्धी शिक्षा तथा जानकारी उपलब्ध गराउनुका साथै करको दायरामा ल्याई स्थायी लेखा नम्बर दिने, मूल्य अभिवृद्धि कर र अन्त:शुल्कमा दर्ता गर्ने, आय विवरण, मू.अ. कर विवरण, अन्त:शुल्क विवरण लिने, विवरण अनुसारको राजस्व संकलन गर्ने, बक्यौता संकलन गर्ने र घर बहाल कर, ब्याज कर, पारिश्रमिक कर, लाभ कर जस्ता भुक्तानीमा नै करकट्टी गरे नगरेको तथा दाखिला गरे नगरेको सम्बन्धमा अनुगमन गरी असुली गर्ने लगायतका कार्यहरू सम्पादन हुन्छन् । उक्त कार्यबाहेकका कर परीक्षण, अनुसन्धान, बेरूजु फछ्र्यौट, अभिलेख व्यवस्थापन र बक्यौता असुलीको कानुनी कारवाही लगायतका कार्यहरू यस कार्यालयका सञ्चालन शाखा, परीक्षण शाखा र अनुसन्धान शाखाबाट कार्यगत रूपमा सम्पन्न हुन्छन् ।

**आ.व. २०६९/०७० को वार्षिक राजस्व तथा कार्यगत लक्ष्य**

यस कार्यालयका लागि चालु आ.व.मा राजस्व संकलनको कुल लक्ष्य ३ अर्ब ७३ करोड ५६ लाख ६० हजार प्राप्त भएको छ । त्यसैगरी श्रावणदेखि पौषसम्मको लक्ष्य रू. १ अर्ब ६७ करोड ५२ लाख २५ हजार तोकिएकोमा रू.१ अर्ब ६५ करोड ५५ लाख ५७ हजार राजस्व संकलन भएको छ । यस अवधिमा लक्ष्यको करीब ९९ प्रतिशत संकलन भएको छ । यसरी लक्ष्य बमोजिम संकलन पुग्न नसक्नुमा खासगरी केही ठूला करदाताका फाइलहरू अन्य कार्यालयमा सर्नु, व्यावसायिक वातावरणमा अपेक्षित सुधार नहुनु, पूर्ण बजेट आउन नसक्दा राजस्वका दरहरू समायोजन नहुनु, पूँजीगत बजेट खर्च हुन नसक्नु र लक्ष्य बढ्नु प्रमुख कारण रहेका छन् । आगामी महिनामा हालसम्मको नपुग राजस्व समेत पुरै संकलन हुने कुरामा म आशावादी छु ।

**कर संकलनमा थप प्रभावकारिता ल्याउन गरिएका प्रयासहरू**

करदाता सेवा कार्यालयहरूसँगको संयुक्त प्रयास, साझेदारी र समन्वयमा कर संकलन कार्यलाई थप प्रभावकारी बनाउन यस कार्यालयले निम्न क्रियाकलापमा जोड दिएको छ :

- आन्तरिक राजस्व विभागबाट अवलम्बन गरिएको पाँच वर्षे कर सुधार तथा रणनीतिक योजना अन्तर्गत रहेका क्रियाकलापहरूको कार्यान्वयन गर्दै कर प्रशासनमा सुधारका प्रक्रियाहरू अगाडि बढाइएको ।
- मूल्य अभिवृद्धि करमा दर्ता भई कारोवार गरिरहेका करदाताहरूको मूल्य अभिवृद्धि कर विवरण (अनुसूची १०) नियमित रूपमा बुझाए नबुझाएको एकिन गरी विवरणअनुसार डेबिट रकम बुझाए नबुझाएको हेरी नबुझाएको भएमा रकम दाखिला गर्न पत्राचार गरिएको ।
- समय समयमा राष्ट्रियस्तरका पत्रपत्रिकामा सूचना प्रकाशन गरी बक्यौता रकम दाखिला गर्न जानकारी गराइएको ।
- मूल्य अभिबृद्धि कर बक्यौता रहेका करदातालाई कर, ब्याज, थप दस्तुर समेत दाखिला गर्न पत्राचार गरी उक्त कार्यको पालना नगरेमा कानुनी कारवाहीको प्रक्रिया अवलम्बन गरिएको ।
- आयकर विवरण दाखिला गर्दा सामान्यतया स्वयं कर निर्धारणको कर दायित्व विवरण पेश गर्दाकै अवस्थामा यकिन गरी नपुग रकम दाखिला गराउने कार्य गरिएको ।
- कर निर्धारण गरिएको रकमप्रति करदाताले चित्त नबुझाई पुनरावलोकन एवं पुनरावेदन गरेको अवस्थामा बाहेक कर, ब्याज दाखिला गर्न पत्राचार गर्ने र उक्त कुराको पालना नगरे (नियतवश कर नतिर्ने करदाता) मा कानुनी कारवाहीको प्रक्रिया अवलम्बन गरिएको ।
- बजार अनुगमन कार्यलाई निरन्तरता दिइएको ।

**सम्भावित करदातालाई करको दायरा ल्याउन गरिएका प्रयासहरू**

करको क्षेत्र विस्तार गर्ने सिलसिलामा दुईवटा पक्षहरूमा जोड दिइएको छ । प्रथमत: नियमित रूपमा दर्ता भइरहने क्षेत्रका करदाताहरूलाई करको दायरामा ल्याउने । दोस्रो करको नयाँ क्षेत्रमा प्रवेश गरी त्यस्ता करदाताहरूलाई करमा दर्ता गराउने कार्य पर्दछन् । करको दायरामा नआएका तर सम्भावित करदातालाई दर्ता गराई करको दायरा विस्तार गर्न निम्न कार्यहरू अवलम्बन गरिएको छ:

- विभिन्न वस्तुगत संघहरूसँग छलफल, गोष्ठी, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी त्यसबाट प्राप्त सुझाव समेतलाई आधार मानी कार्यान्वयन गर्ने ।
- करदाता शिक्षा कार्यक्रम अन्तर्गत समयसमयमा माइकिङ गर्ने, पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने ।
- करदाता सेवा कार्यालयहरूबाट नियमित रूपमा बजार अनुगमन गरी दर्ता नभएका करदाताहरूलाई दर्ता गर्ने ।
- कारोवार दर्ता हुने निकायबाट तथ्याङ्क प्राप्त गरी दर्ता नभएका करदातालाई दर्ता गर्ने ।
- निश्चित प्रकृतिका कारोवार गर्ने करदाता (जस्तै: मदिराको कारोवार गर्ने) ले तह अनुसारको कारोवार गर्ने भएकोले कर परीक्षण तथा अनुसन्धान गर्दा दर्ता नभएका व्यक्ति वा फर्मसँग कारोवार गरेको पाइएमा त्यस्ता करदाताहरूलाई दर्ता गराउने ।

**बक्यौता कर असुलीलाई प्रभावकारी बनाउन गरिएका प्रयासहरू**

बक्यौता असुली कार्य सहज, सरल र व्यवस्थित बनाउन बक्यौता रकमलाई अवधिका आधारमा वर्गीकरण (Ageing) गरिएको छ । बक्यौता असुली कार्य थप प्रभावकारी एवं व्यवस्थित बनाउन निम्नानुसारका प्रयासहरूलाई अवलम्बन गरिएको छ ।

- बक्यौता कर असुली गर्न खाता प्रमाणित गर्दा बक्यौता दाखिला गर्न वा दाखिला गरिसकेको भए सो को प्रमाण पेश गर्न करदातालाई जानकारी गराउने ।
- कारोवार थप गर्दा, शाखा थप गर्दा, स्वामित्व परिवर्तन गर्दा बक्यौता दाखिला गर्न वा दाखिला गरिसकेको भए सो को प्रमाण पेश गर्न करदातालाई जानकारी गराउने ।
- करदाताको कारोवारको ठेगाना परिवर्तन गर्दा, कर विवरण दाखिला गर्दा, आय विवरण पेश गर्ने म्याद थप गर्दा बक्यौता दाखिला गर्न वा दाखिला गरिसकेको भए सो को प्रमाण पेश गर्न करदातालाई जानकारी गराउने ।
- कर चुक्ता लिँदा बक्यौता हेर्ने र नियमित गर्ने कार्यलाई कडाइका साथ पालना गर्ने ।

**कर चुहावट र छली नियन्त्रण गर्न गरिएका प्रयासहरू**

कर लेखा परीक्षण तथा अनुसन्धानसम्बन्धी कार्यहरू आन्तरिक राजस्व कार्यालयबाट हुने गर्दछ । कर लेखा परीक्षणबाट कर कानुनको पालना र कानुनअनुसार स्वयं कर निर्धारण गर्दा कर दायित्वमा फरक परेको देखिएमा सोको यकिन गरी कर निर्धारण गर्ने गरिन्छ । कर परीक्षण तथा अनुसन्धानबाट अपेक्षित परिणाम प्राप्त गर्नका लागि देहायका कार्यहरू सम्पादन गरिएको छ :

- कर लेखा परीक्षण तथा अनुसन्धानलाई नतिजामूलक बनाउन तथ्याङ्क तथा सूचनाहरूको अधिकतम् उपयोग गर्ने ।
- मानव संशाधनलाई तालिम, अध्ययनमा सहभागी गराई बढी दक्ष, व्यावसायिक, कुशल बनाई कर परीक्षण तथा अनुसन्धान कार्य बढी परिणाममुखी बनाउने ।
- कर परीक्षण तथा अनुसन्धानका Tools and Techniques लाई बढी भन्दा बढी उपयोग गरी नतिजालाई अधिकतम बनाउने ।
- कर परीक्षणका विभिन्न प्रकारलाई कार्यान्वयन गर्ने र मूल्य अभिवृद्धि करतर्फको चालु कर लेखा परीक्षणमा अझ बढी ध्यान केन्द्रीत गर्ने ।
- नेपाल सरकारको शासकीय तथा आर्थिक सुधारको तत्काल कार्ययोजना, २०६९ मा प्रावधान भए बमोजिमको सामाजिक, सांस्कृतिक चाडपर्व, समारोह गर्दा गरिने खर्च सुव्यवस्थित गर्ने नीति बमोजिम सूचना संकलन गर्ने, कारोवार भिडान गर्ने लगायतका नियमित रूपमा करदाता सेवा कार्यालय मार्फत् अनुगमन गर्ने ।

अत: यी सबै प्रयासहरूबाट करदाताहरूलाई स्वैच्छिक कर सहभागिता (Volunteer Tax Compliance) वृद्धि गर्न मद्दत पुग्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

# करसम्बन्धी महत्वपूर्ण जानकारी

(...अंक २ बाट क्रमशः)




**आयकर**

आयकर ऐन, २०५८ लागु भए पश्चात् परम्परागत रूपमा कर अधिकारीसँग रहने गरेको स्वविवेकीय अधिकारहरूको अन्त्य गरी कर प्रशासनमा विधिको शासनको प्रत्याभूति गराई करदाताहरूलाई लेखामा आधारित स्वयं कर सहभागिताको लागि उत्तरदायी र जवाफदेही बनाएको छ ।

विश्वव्यपीकरणको वर्तमान परिवेशमा नेपालको आयकरसम्बन्धी कानुनी व्यवस्थाहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाई लगानीमैत्री वातावरणको निर्माण गर्ने, नेपालको करदेयी क्षमताको संरक्षण गर्ने र प्रतिस्पर्धी तथा स्थिर कर नीतिको प्रत्याभूति दिलाउनु यस ऐनको अभिष्ट रहेको छ। यस ऐनको कार्यान्वयन पश्चात् आयकरसम्बन्धी सबै व्यवस्थाको प्राधिकार यसै ऐनबाट निर्देशित हुनेगरी कानुनी सर्वोच्चता कायम गरिएको छ । प्राकृतिक व्यक्ति र निकायका सबै प्रकारका आय आर्जनका स्रोतहरू तथा कारोवारलाई करको दायरामा समेटिएका छन् भने कर भुक्तानी गर्ने सन्दर्भमा PAY- AS- YOU- EARN भन्ने सिद्धान्तलाई अवलम्बन गरेको छ । यस ऐनले Residence Principle अनुसार नेपालको बासिन्दा व्यक्तिको आयमा संसारभर जहाँ भएपनि नेपालमा कर तिर्नुपर्ने व्यवस्था गरेको छ तर व्यक्तिलाई दोहोरो करबाट मुक्ति दिन नेपाल बाहिर आर्जित आयमा विदेशी मुलुकमा तिरेको आयकर मिलान गर्न पाउने व्यवस्था गरेको छ । गैर बासिन्दा व्यक्तिको हकमा भने नेपालमा स्रोत भएको आयमा मात्र आयकर तिर्नुपर्ने व्यवस्था गरिएको छ ।

यस ऐनले कर योजना एवं छलीलाई देवानी र फौजदारी कसुरको बीच स्पष्ट विभेद गरी सरकारी वकिल मार्फत् मुद्दा चलाउन सकिने आधारहरूको व्यवस्था गरिएको छ । कर अधिकृतलाई सूचना एवं प्रमाणको आधारमा संशोधित र संशय कर निर्धारण गर्ने अधिकार दिएको छ । यसैगरी करदाताका कानुनी अधिकारको पूर्ण प्रत्याभूति गरी कर कानुनको कार्यान्वयन गर्दा पूर्णतः प्रकृतिक न्यायको सिद्धान्तको अनुशरण गरिने व्यवस्था गरी करदातालाई दुई तहको पुनरावेदनको व्यवस्था गरेको छ ।

**स्थायी लेखा नम्बर (PAN) सम्बन्धी व्यवस्था :**

**१. (PAN) नम्बरको अनिवार्यता र प्रयोग**

उद्योग, व्यापार, पेशा, व्यवसाय (प्राकृतिक व्यक्तिको व्यवसाय समेत) र रोजगारी गर्ने व्यक्ति तथा निकायले अनिवार्य रुपमा (PAN) नम्बर लिएर मात्र कारोवार गर्नुपर्दछ। साथै यो नम्बरले करदातालाई एउटा विशिष्ट संकेतद्वारा छुट्टै पहिचान दिने हुँदा आफ्नो व्यवसाय गर्न र सोमा सम्बद्ध राजस्व दाखिला गर्ने (PAN) लिएपछि सहज हुन्छ ।

एउटा व्यक्तिले आफ्नो जीवनमा (प्राकृतिक व्यक्ति वा कम्पनी आदि निकाय) एउटा मात्रै (PAN) लिन सक्दछ । एउटै मात्र (PAN) रहिरहन्छ। त्यसैमा आफ्नो व्यवसायका प्रकारहरू थप गर्दै लैजानुपर्दछ ।

आफूले गर्ने कारोवार, बिल, बिजक खाताबही, आय विवरण लगायत बैंकिङ कागजात तथा करसम्बन्धी सम्पूर्ण विवरण (आयकर, मू.अ.कर, अन्तःशुल्क, भन्सार समेत) मा (PAN) अनिवार्य रुपमा उल्लेख गर्नु पर्दछ। आफैंलाई करसम्बन्धी सुविधा सहुलियत हासिल गर्न वा कुनै सूचना प्राप्त गर्न (PAN) को उल्लेख गर्न आवश्यक छ। राजस्व दाखिला गर्ने भौचरमा (PAN) नम्बर राखिएमा त्यसले राजस्वको अभिलेख दुरुस्त अवस्थामा रहेको हुन्छ ।

२. (PAN) **लिन कुनै शुल्क नलाग्ने तथा पेश गर्नुपर्ने कागजातका सम्बन्धमा जानकारी :**

प्राकृतिक व्यक्तिका लागिः नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, विदेशी नागरिकको हकमा राहदानी वा कुटनैतिक नियोगबाट जारी गरिएको परिचयपत्रको प्रतिलिपि, पेशागत प्रमाणपत्रको प्रतिलिपि र फोटो १ प्रति ।

निकायका लागिः साझेदारी फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, आवेदन पत्रमा दस्तखत गर्नेको पासपोर्ट साइजका २ प्रति फोटाहरू, साझेदारी फर्म भए सबै साझेदारको २, २ प्रति फोटाहरू, मुख्य कारोवार स्थल वा प्रधान कार्यालय देखिने गरी बनाइएको नक्सा र भाडाको घरमा बसेको करदाताको हकमा घरबहालको सम्झौता पनि बुझाउनुपर्छ ।

**३. रोजगारीको आय हुने व्यक्ति, प्राकृतिक व्यक्ति र कम्पनीका सम्बन्धमा** (PAN) **लिनुपर्नेसम्बन्धी व्यवस्था** :

रोजगारीको आय हुने रु.१ लाख ६० हजार एकल वा रु. २ लाख भन्दा माथिको दम्पत्ती छनौट गरेको व्यक्तिले आ.व. २०६६/६७ देखि (PAN) लिनु पर्ने गरी व्यवस्था गरिएको छ । प्राकृतिक व्यक्ति र कम्पनीले फरकफरक (PAN) लिनु पर्दछ तर स्थायी लेखा संकेत संख्याको रुपमा एउटै पद्धतिबाट विशिष्ट नम्बर (Unique Number) दिइने हुँदा (PAN) को संकेत संख्याबाटै चाहिँ प्राकृतिक व्यक्ति र कम्पनी छुट्टिँदैन ।

**४. प्रोप्राइटरसिप फर्म बन्द गरी प्राइभेट लिमिटेड कम्पनीका लागि** (PAN) **लिने व्यवस्था :**

प्रोप्राइटरसिप फर्म (प्राकृतिक व्यक्तिको हुने) र कम्पनी छुट्टै व्यक्ति भएकाले प्राइभेट लिमिटेड कम्पनीले (एकल प्राकृतिक व्यक्तिको स्वामित्वमा रहे पनि, छुट्टै कानुनी व्यक्ति भएकाले) छुट्टै (PAN) लिनु पर्दछ ।

**५.प्राकृतिक व्यक्तिको व्यवसायको प्रकृति**



कर सम्बन्धी कुनै जानकारी चाहिएमा टोल फ्री नम्बर १६६००१४०००० मा सम्पर्क गर्न नभुलौं ।

**र कारोवार स्थल परिवर्तन हुँदा (PAN) सम्बन्धी व्यवस्था :**

उही प्राकृतिक व्यक्ति हो भने ठाउँ वा कारोवारको प्रकृति बदलेपनि पुनः (PAN) लिई राख्नु पर्दैन । तर आफ्नो कारोवार स्थल वा कारोवारको प्रकृति/स्वरुपमा परिवर्तन आएको भए सोको सूचना सम्बन्धित आन्तरिक राजस्व कार्यालय (आफूले (PAN) लिएको आ.रा.का) मा दिनुपर्दछ ।

**६. कारोवारको बिजकमा (PAN) उल्लेख गर्नेसम्बन्धी व्यवस्था :**

बिल बिजक जारी गर्दा आफ्नो (PAN) को उल्लेखका साथै सामान खरिदकर्ता व्यवसायीको (PAN) को उल्लेख गर्न पनि अनिवार्य छ । यसो गर्दा सामान खरिदकर्ताले तिरेको VAT आफूले पनि दाखिला गर्ने VAT मा मिलान गर्न सहज र सम्भव हुन्छ । आफ्नो व्यावसायिक कारोवारको यथार्थ चित्रण प्रस्तुत गर्ने प्रयोजनको लागि समेत बिक्री बिलमा (PAN) उल्लेख गर्नुपर्दछ । यसले ग्राहकलाई तपाईको व्यवसायको पहुँचमा रहिरहन पनि सघाउ पुऱ्याउँछ ।

**७. 'e PAN' भनेको के हो ?**

इन्टरनेट प्रविधिद्वारा सहज ढंगले प्रदान गरिने (PAN) नै 'e-PAN' हो ।

**८. 'e PAN' कसरी जारी गरिन्छ ?**

www.ird.gov.np को वेबसाइटमा गई त्यहाँ उपलब्ध फाराम अर्थात् (PAN) पाउनका लागि गरिने आवेदन फाराम अनलाइन भरी अनलाइनमा नै आन्तरिक राजस्व कार्यालयमा आवेदन गर्न सकिन्छ । यो अनलाइनबाट आवेदन गर्दाको सबमिसन नम्बर लिएर सूचना लिई आन्तरिक राजस्व विभागले कम्प्युटर प्रणालीबाट e-PAN जारी गर्दछ ।

**९. Personal e-PAN को लागि online application कसरी गरिन्छ ?**

- ird.gov.np मा Log on गर्नुहोस् ।
- e-PAN मा क्लिक गर्नुहोस् ।
- Get Submission Number मा क्लिक गर्नुहोस् ।
- Username, Password आफैं राखी सबै विवरण भर्नुहोस् ।
- Submission Number प्राप्त हुनेछ ।
- Enter Information मा क्लिक गर्नुहोस् ।
- Screen मा देखिएका सबै विवरण भर्नुहोस् ।
- फोटो र परिचय पत्र स्क्यान गर्नुहोस् र Print Form मा Click गरी Print निकाल्नुहोस् ।
- सोको एकप्रति वा Submission Number लिई सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क गरी आफ्नो व्यक्तिगत स्थायी लेखा नम्बर प्रमाण पत्र प्राप्त गर्नुहोस् ।

# तालिम तथा वैदेशिक भ्रमण



विभागले अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी आफ्ना जनशक्तिहरूलाई वैदेशिक तालिम प्रदान गर्ने तथा अनुभवको आदानप्रदान गराउने कार्यक्रमले विगत मंसिर र पौष महिनामा पनि निरन्तरता पाएको थियो । सो क्रममा नोभेम्बर १६ देखि १९ सम्म महानिर्देशक श्री टंकमणि शर्माको नेतृत्वमा निर्देशक श्री चेतनाथ दाहाल र अर्थ मन्त्रालयका उपसचिव श्री चण्डी घिमिरे सहितको टोलीले बंगलादेशको भ्रमण गरी दुई देशबीच निकट भविष्यमा नै सम्पन्न हुन गइरहेको दोहोरो कर मुक्ति सम्झौता (DTAA) को प्रस्ताव पत्र माथि तेस्रो चरणको छलफल गर्ने कार्य सम्पन्न भयो । त्यसैगरी, हंगेरीको राजधानी बुडापेस्टमा डिसेम्बर १० देखि १५ सम्म Organization of Economic Cooperation and Development (OECD) द्वारा सञ्चालन भएको Intermediate Transfer Pricing सम्बन्धी अल्पकालीन तालिममा ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक श्री आनन्दराज ढकाल र विभागका निर्देशक श्री पदमकुमार श्रेष्ठ सहभागी हुनुभएको थियो । साथै राजस्व न्यायाधिकरण कार्यालय, काठमाडौँका माननीय न्यायाधिश श्री दिलीपकुमार कार्की, राजस्व सदस्य श्री मणिदेव भट्टराई र विभागको कानुन शाखामा कार्यरत उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली दक्षिण कोरियाको राजधानी सियोलमा आयोजित Tax and Crime – Detecting Illicit Financial Activities विषयक गोष्ठीमा नोभेम्बर १२ देखि १६ सम्म सहभागी हुनुभयो । उक्त गोष्ठी पनि OECD ले नै आयोजना गरेको थियो । त्यसैगरी थाइल्याण्डको राजधानी बैंककमा International Tax Dialogue (ITG) को आयोजनामा नोभेम्बर १२ देखि १४ सम्म सम्पन्न भएको Transfer Pricing सम्बन्धी कार्यशाला गोष्ठीमा विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपाल र ठूला करदाता कार्यालयका प्रमुख कर अधिकृत श्री गोपालप्रसाद घिमिरेले भाग लिनुभएको थियो । विभागका निर्देशक श्री नरसागर श्रेष्ठ Japanese International Cooperation Agency (JICA) ले नोभेम्बर ५ देखि २९ सम्म जापानको टोकियोमा आयोजना गरेको International Seminar on Taxation (Seminar Course) मा सहभागी हुनुभएको थियो भने विभागका निर्देशकद्वय श्री ध्यानकुमार थापा र श्री लोकप्रसाद न्यौपाने तथा शाखा अधिकृत श्री तुलसीप्रसाद भट्टराईले December ६ देखि १९ सम्म भारतको नोयडामा अवस्थित अन्तःशुल्क स्टिकर छपाई गर्ने सुरक्षण मुद्रणालयको भ्रमण गरी नयाँ खरिद गर्न लागिएको अन्तःशुल्क स्टिकरको डिजाइन तयार गर्ने कार्य सम्पन्न गर्नुभयो ।

साथै विभाग अन्तर्गतका निर्देशकहरू, प्रमुख कर अधिकृतहरू तथा कर अधिकृतहरूलाई कर प्रशासन सञ्चालन गर्न सहयोग पुऱ्याई उनीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम अन्तर्गत गत मंसिर र पौष महिनामा Advance Accounting, Nepal accounting Standard, Cost Accounting, IFRS Training, ATR Training, Collection, Excise र Taxpayer Service सँग सम्बन्धित गरी नौ वटा तालिमहरू काठमाडौँमा सञ्चालन भए । सो क्रममा विभाग वा अन्तर्गत कार्यरत निर्देशकहरू, यस विभाग तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत प्रमुख कर अधिकृतहरू तथा कर अधिकृतहरू गरी जम्मा २६१ जनाले आ-आफ्नो क्षेत्रमा उपयोगी हुने विषयहरूमा विषय विज्ञहरूबाट प्रशिक्षण प्राप्त गर्नभयो ।

वैदेशिक भ्रमण तथा सहयोग आदान प्रदानका क्रममा अन्तर्राष्ट्रिय मुद्राकोषले नेपाललाई Global Fund अन्तर्गत Tax Policy and Administration (TPA-TTF) मा सहयोग उपलब्ध गराउनका लागि अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) को विज्ञ समूहले यस विभागको भ्रमण गरी विभागका मदाधीकारीहरूसँग छलफल गरेको थियो । त्यसैगरी, अन्तर्राष्ट्रिय वित्त कर्पोरेशन दक्षिण एसियाली क्षेत्रका निर्देशक श्री अरविन्द मोदीले यस विभागको भ्रमण गरी विभागका पदाधिकारीहरूसँग छलफल गरेका थिए । सो क्रममा IFC ले विभागलाई उपलब्ध गराउन सक्ने सम्भावित प्राविधिक सहायताका सम्बन्धमा समेत आवश्यक छलफल भएको थियो ।

# दीर्घकालीन करारमा करको व्यवस्थासम्बन्धी तालिम सम्पन्न




आन्तरिक राजस्व विभाग र USAID Neat Activity को संयुक्त आयोजनामा यही पौष २० देखि २२ गतेसम्म दीर्घकालीन करारमा करको व्यवस्थाका विषयमा तीन दिने तालिम कार्यक्रम सम्पन्न भएको छ । आन्तरिक राजस्व विभाग र दीर्घकालीन करार कार्यान्वयनसँग सम्बन्धित निकायहरूका ४० जना अधिकृतहरू सहभागी रहेको उक्त तालिमको पहिलो दिन क वर्गका निर्माण व्यवसायीहरूसँग कर कानुनमा दीर्घकालीन करारका प्रावधानहरूका सम्बन्धमा अन्तरक्रिया समेत सम्पन्न भएको थियो । उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै विभागका महानिर्देशक श्री टंकमणि शर्माले निर्माण व्यवसायको क्षेत्रमा देखिएको मूल्य अभिवृद्धि कर छलीका घटनाहरूका सम्बन्धमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले छलीका घटनाहरू वृद्धि हुँदै जाने हो भने भ्याटको प्रणाली नै परिवर्तन गर्नुपर्ने हुनसक्ने विचार व्यक्त गर्नुभयो । महानिर्देशक श्री शर्माले धेरै जस्तो दीर्घकालीन सम्झौताहरु निर्माण व्यवसायमा हुने भएकाले निर्माण व्यवसायीहरूले एउटा कम्पनीबाट परियोजना सकिएपछि पुरानो कम्पनी बन्द गरी नयाँ कम्पनी खडा गर्ने चलन पनि चलिरहेको पाइएकाले यसतर्फ पनि विभागको ध्यानाकर्षण भएको बताउनुभयो ।

अन्तरक्रियाका क्रममा नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारीहरुले निर्माण उद्योग नै धराशायी भइरहेको बेलामा सरकारले यस क्षेत्रलाई राहत दिन मू.अ.कर, आयकर लगायतका क्षेत्रमा छुट दिई नेपालको निर्माण क्षेत्रलाई सहयोग गर्नुपर्ने धारणा राख्नुभयो । विभिन्न क्षेत्रका निर्माण व्यसायीहरुले हाल देशमा राजनीतिक संक्रमण भएकाले निर्माण क्षेत्र सबैभन्दा धेरै मारमा परेको बताएका थिए । युएसएड नेपालका तर्फबाट पिटर गिल्सले दीर्घकालीन करारमा करको व्यवस्थाका विषयमा प्रशिक्षण प्रदान गर्नुभएको थियो भने USAID Neat Activity का तर्फबाट पृथ्वीराज लिगलले सम्बोधन गर्नुभएको थियो । विभागका उपमहानिर्देशक श्री रामशरण पुडासैनीले शुभारम्भ गर्नुभएको उक्त कार्यक्रम समापनका अवसरमा महानिर्देशक श्री शर्माले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।



*तालिम सञ्चालन गर्दै पिटर गिल्स*



*अन्तरक्रिया कार्यक्रमका सहभागीहरू*

## आइएमएफ टोलीद्वारा प्राविधिक सहायतासम्बन्धी प्रतिवेदन प्रस्तुत

अन्तर्राष्ट्रिय मुद्रा कोषको एक टोलीले आन्तरिक राजस्व विभागको पाँचबर्षे रणनीतिक योजना र तीनबर्षे सुधार योजना कार्यान्वयनका लागि प्राविधिक सहायतासम्बन्धी प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेको छ । IMF को चार सदस्यीय टोलीले तयार पारेको उक्त प्रतिवेदन गत मंसिर १८ गते विभागमा प्राप्त भएको हो ।

उक्त प्रतिवेदनका अनुसार IMF ले आन्तरिक राजस्व विभागको क्षमता र प्रभावकारिता अभिवृद्धिका लागि आगामी तीन बर्षभित्र विभिन्न आठवटा क्षेत्रमा प्राविधिक सहायता उपलब्ध गराउने छ । यसरी सहायता प्राप्त हुने क्षेत्रहरुमा करदाताको वर्गीकरण, आन्तरिक राजस्व विभागको पुनर्संरचना, ठूला करदाताहरूको कर परीक्षणमा प्रभावकारिता, ठूला करदाता कार्यालयको क्षमता अभिवृद्धि, करको परिपालना अभिवृद्धि, बक्यौता व्यवस्थापन, कर परीक्षण व्यवस्थापन र नयाँ कर परीक्षण रणनीति विकास रहेका छन् । उपर्यक्त क्षेत्रहरुमा क्षेत्रगत रुपमा एक-एक जना विशेषज्ञहरुद्वारा प्राविधिक सहायता उपलब्ध हुने छ । Tax Policy and Administration Topical Trust Fund (TTF) र Japanese Support Agreement (JSA) for South East Asian Countries अन्तर्गत प्राप्त हुने यस सहायताबाट आन्तरिक राजस्व विभागको पाँचबर्षे रणनीतिक योजना र तीनबर्षे सुधार योजना कार्यान्वयनमा महत्वपूर्ण सघाउ पुग्ने अपेक्षा गरिएको छ । यसैबीच प्राविधिक सहायताका क्षेत्रहरु मध्ये करदाता वर्गीकरण र आन्तरिक राजस्व विभागको पुनर्संरचना सम्बन्धमा विशेषज्ञद्वारा प्रारम्भिक अध्ययन सम्पन्न भइसकेको छ ।

# करदाता शिक्षा कार्यक्रमहरू सम्पन्न




जनकपुरमा आयोजित अन्तरक्रियामा विभागका महानिर्देशक टंकमणि शर्मा लगायत अन्य सहभागीहरू

**आन्तरिक राजस्व कार्यालय, जनकपुर**

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माको प्रमुख आतिथ्यमा मिति २०६९ साल पुष १७ गते आन्तरिक राजस्व कार्यालय, जनकपुरमा करसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उद्योगी, व्यवसायी, व्यापारी, लेखापरीक्षण व्यवसायी, पत्रकार लगायतको उपस्थितिमा भएको उक्त कार्यक्रममा महानिर्देशक श्री शर्माले करको चर्चा घरघरमा गरौं भन्ने नाराका साथ २०६९ साललाई कर प्रणाली सुधार वर्षको रूपमा मनाइरहेको, ५ वर्षे रणनीतिक योजना एवं ३ वर्षे सुधार योजना कार्यान्वयनमा ल्याइएको र करदाता शिक्षा मार्फत् सबैलाई करको जानकारी दिन देशभर एक हजार कार्यक्रम सञ्चालन गर्ने लक्ष्य अनुरुप काम भइरहेको जानकारी दिनुभयो। करसँग डर होइन भर पर्नुपर्ने उल्लेख गर्दै उहाँले करदाताहरूले कर कानुनको परिपालना गर्नुपर्ने एवं उद्योग वाणिज्य संघले सहयोग गर्नुपर्ने धारणा राख्नुभयो। सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री हरिकृष्ण उपाध्याय, जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री श्यामप्रसाद साह, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष श्री रामआशिष यादव, अडिटर एशोसियसनका अध्यक्ष श्री राजकुमार साहसमेतले आफ्नो मन्तव्य राख्नुभएको थियो । व्यावसायीहरूले करसम्बन्धी कानुनमा भोग्नुपरेका समस्याहरू महानिर्देशक समक्ष राख्दै निराकरणका लागि अनुरोध गरेका थिए। प्रमुख कर अधिकृत श्री रमेश अर्यालले महानिर्देशक लगायत समस्त आमन्त्रित महानुभावहरूको उपस्थितिले कार्यक्रम फलदायी भएको भन्दै धन्यवाद ज्ञापन गर्नुभएको थियो।

**करदाता सेवा कार्यालय, कोटेश्वर**

करदाता सेवा कार्यालय, कोटेश्वरको आयोजनामा शान बैंक्वेट, खहरेचोकमा मिति २०६९ मंसिर ३० गते शनिबार करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा नेपाल निर्माण सामग्री व्यवसायी महासंघ, नेपाल निर्माण सामग्री व्यापार संघ र नेपाल निर्माण सामग्री व्यापार संघ क्षेत्र नं. ७ काठमाडौंका पदाधिकारी लगायत अन्य व्यवसायीहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा ने.नि.सा.व्य.महासंघका अध्यक्ष श्री विनोद केशरी उपाध्यायले करदाता शिक्षाको सैद्धान्तिक एवं व्यावहारिक पक्षमा उत्तिकै ध्यान दिनु जरुरी रहेको उल्लेख गर्नुभयो। साथै प्रत्येक वर्ष Tax Assessment नभएको कारणले गर्दा करदातालाई ६ वर्षसम्म खाता अद्यावधिक राखिरहनुपर्ने लगायतका अन्य प्रक्रियागत झन्झटहरू व्यहोर्नु परेको गुनासो गर्दै बढ्दो महंगी र मुद्रास्फीतिको आधारमा Tax छुटको प्रावधानलाई बढाउनुपर्नेमा जोड दिनुभयो । ने.नि.सा.व्य.संघ क्षेत्र नं. ७, काठमाडौंका अध्यक्ष अच्युत के.सी.ले यस्ता करदाता शिक्षा कार्यक्रमहरूले राजस्वसम्बन्धी अज्ञानतालाई हटाई अस्वस्थ्य प्रतिस्पर्धा, अण्डरबिलिङ र मिसम्याच जस्ता समस्या निराकरणमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

प्रमुख कर अधिकृत श्री लिलावल्लभ न्यौपानेको अध्यक्षतामा सञ्चालित सो कार्यक्रममा ११७ जना करदाताहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा कार्यालयका कर अधिकृत श्री राजेन्द्रप्रसाद भण्डारीले "कर सहभागिता: दर्तादेखि खारेजीसम्म" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने करदाताहरूको जिज्ञासाको समाधान प्रमुख कर अधिकृतले गर्नुभएको थियो । सो कार्यक्रम सञ्चालन गर्न नेपाल निर्माण सामग्री व्यापार संघ क्षेत्र नं. ७ काठमाडौंले आवश्यक सहयोग गरेको थियो। सो करदाता शिक्षा कार्यक्रम समेत यस आ.व.मा हालसम्म १३ वटा करदाता शिक्षा कार्यक्रमहरू सञ्चालन गरी जम्मा ४५४ करदाताहरूलाई प्रशिक्षित गरिसकिएको छ।



कोटेश्वरमा आयोजित कार्यक्रममा मन्तव्य राख्दै ने.नि.सा.व्य.महासंघका अध्यक्ष लगायत उपस्थित अन्य सहभागीहरू



कोटेश्वरमा आयोजित कार्यक्रममा करदाता शिक्षा ग्रहण गर्दै सहभागीहरू

## आ.व. २०६९/७० पौषसम्मको कार्यालयगत राजस्व संकलन

(रू. हजारमा)

| सि.न. | कार्यालय | २०६९/७० पौष लक्ष्य | २०६९/७० पौष असुली | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | ठूला करदाता | १२२९८४६० | १३७३५५५२ | ११२ |
| २ | काठमाडौं क्षेत्र नं ३ | ९६७१७७ | ११८२८७४ | १२२ |
| ३ | काठमाडौं क्षेत्र नं १ | १४१६८१० | ११७६४९२ | ८३ |
| ४ | काठमाडौं क्षेत्र नं २ | ५९३५६२ | ६११५५० | १०३ |
| ५ | सिमरा | ६१२८९६ | ५७४२७५ | ९४ |
| ६ | भरतपुर | ४९८६५२ | ५०१२९६ | १०१ |
| ७ | ललितपुर | ४२४७०८ | ४९५१९६ | ११७ |
| ८ | वीरगञ्ज | ४६५२९८ | ४५७२५८ | ९८ |
| ९ | विराटनगर | ४५३८७८ | ३५७५७६ | ७९ |
| १० | पोखरा | ३९२७८६ | ३०७५९४ | ७८ |
| ११ | भैरहवा | १९८४३३ | १९६२२७ | ९९ |
| १२ | बुटवल | १५४८७३ | १८३६२४ | ११९ |
| १३ | धरान | १७८१७७ | १८०५६८ | १०१ |
| १४ | भक्तपुर | १७५४१२ | १७५५७६ | १०० |
| १५ | हेटौंडा | १४२८४५ | १७३६६४ | १२२ |
| १६ | नेपालगञ्ज | ११७३०५ | ११८५४५ | १०१ |
| १७ | जनकपुर | १०५९७१ | १११८३४ | १०६ |
| १८ | धनगढी | ७७४४८ | १०५४७५ | १३६ |
| १९ | भद्रपुर | ८८२८७ | ९५०७९ | १०८ |
| २० | लहान | ६९६२२ | ६९६२५ | १०० |
| २१ | कृष्णनगर | ५२३०३ | ५३५०३ | १०२ |
| २२ | दाङ | ४९८२६ | ५१५७३ | १०४ |
| २३ | महेन्द्रनगर | ३२१६८ | ३२२२४ | १०० |
| | **जम्मा** | **५३६२९२०२** | **५४४१९३५२** | **१०१** |

| Grading | कार्यालय |
|---|---|
| A++ | **आन्तरिक राजस्व कार्यालयहरू :** धरान, ललितपुर, धनगढी, विराटनगर र भरतपुर<br>**करदाता सेवा कार्यालयहरू:** कालिमाटी, बत्तीसपुतली, कोटेश्वर, पुतलीसडक, नयाँ वानेश्वर, त्रिपुरेश्वर, महाराजगञ्ज र बालाजु । |
| A+ | **आन्तरिक राजस्व कार्यालयहरू :** भद्रपुर, ठूला करदाता, कृष्णनगर, काठमाडौं क्षे.नं.३, काठमाडौं क्षे.नं.१, नेपालगञ्ज, पोखरा र बुटवल ।<br>**करदाता सेवा कार्यालयहरू :** कलंकी, चावहिल, ठमेल, टंगाल र नयाँ सडक । |
| A | **आन्तरिक राजस्व कार्यालयहरू :** भैरहवा, महेन्द्रनगर,दाङ र लहान । |
| B | **आन्तरिक राजस्व कार्यालयहरू :** काठमाडौं क्षेत्र नं. २, हेटौंडा , वीरगञ्ज, जनकपुर र सिमरा । |
| C | **आन्तरिक राजस्व कार्यालय :** भक्तपुर । |

# कार्यगत लक्ष्यप्रगति विवरण

आन्तरिक राजस्व विभाग अन्तर्गतका आन्तरिक राजस्व कार्यालयहरूको आ. व. २०६९/७० को पौष महिनासम्मको कार्यगत लक्ष्यप्रगति विवरण सन्तोषजनक देखिन्छ । राजस्व असुली विवरणअनुसार विभाग अन्तर्गतका जम्मा २३ वटा आन्तरिक राजस्व कार्यालयहरू मध्ये १७ वटा कार्यालयहरू यस अवधिको लागि तोकिएको लक्ष्यभन्दा बढी राजस्व संकलन गर्न सफल भएका छन् ।

आन्तरिक राजस्व कार्यालयहरूको समग्र कार्यगत लक्ष्य प्रगतिलाई हेर्दा, २३ वटा कार्यालयहरूमध्ये ५ वटा कार्यालयहरू समग्र लक्ष्यको ९५ प्रतिशत भन्दा बढी प्रगति गरी A++ मा Grading हुन सफल भएका छन् । यी कार्यालयहरूमा आन्तरिक राजस्व कार्यालयहरू धरान, ललितपुर, धनगढी, विराटनगर र भरतपुर रहेका छन् । यस्तै करदाता सेवा कार्यालय अन्तर्गत काठमाडौं उपत्यकाका कालिमाटी, बत्तीसपुतली, कोटेश्वर, पुतलीसडक, नयाँ वानेश्वर, त्रिपुरेश्वर, महाराजगञ्ज र बालाजुस्थित कार्यालयहरू पनि A++ मा Grading हुन सफल भएका छन् ।

त्यसैगरी ८५ प्रतिशत भन्दा बढी प्रगति गर्ने ८ वटा कार्यालयहरू A+ मा Grading भएका छन् । आन्तरिक राजस्व कार्यालयहरु भद्रपुर, ठूला करदाता, कृष्णनगर, काठमाडौं क्षेत्र नं ३, काठमाडौं क्षेत्र नं १, नेपालगञ्ज, पोखरा र बुटवल A+ मा Grading भएका हुन् । करदाता सेवा कार्यालयहरू कलंकी, चावहिल, ठमेल, टंगाल र नयाँ सडक पनि A+ मा Grading भएका छन् । यस्तै ७५ प्रतिशत भन्दा बढी प्रगति गर्ने ४ वटा कार्यालयहरू A मा, ६५ प्रतिशत भन्दा बढी प्रगति गर्ने ५ वटा कार्यालयहरू B मा र ५० प्रतिशत भन्दा बढी प्रगति गर्ने १ वटा कार्यालय C मा Grading भएका छन् । काठमाडौं उपत्यकाका करदाता सेवा कार्यालयहरूतर्फ ८ वटा कार्यालयहरू A++ मा र ५ वटा कार्यालयहरू A+ मा Grading भएका छन् ।

# बक्यौता रकम तिर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

"मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम सर्वसाधारण तथा उपभोक्ताहरूबाट संकलन गरिएको मूल्य अभिवृद्धि कर रकम महिना भुक्तान भएको २५ दिनभित्र सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पनि कतिपय करदाताहरूले उक्त कानुनी व्यवस्थाको विपरित समयमै राजस्व दाखिला गरेको नपाइएकोले यसरी संकलन गरेको वा कर निर्धारणबाट कर दायित्व सृजना भएको कर रकम तत्कालै दाखिला गर्न अनुरोध गरिन्छ । यसरी मूल्य अभिवृद्धि कर बक्यौता दाखिला नगर्ने व्यक्ति, कम्पनी, उद्योग, फर्म, ठेकेदार (ज्वाइन्ट भेन्चर समेत), बिक्रेता, होटल, आयातकर्ता, परामर्शदाताहरूलाई यस विभाग र अन्तर्गतका कार्यालयहरूबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ बमोजिम कारवाही गरी मूल्य अभिवृद्धि कर असुली गर्ने गराइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।"

**आन्तरिक राजस्व विभाग**

# मालसामान ओसारपसार सम्बन्धी सूचना

यस विभाग र अन्तर्गतका कार्यालयहरुबाट व्यापारिक वस्तुहरुको आन्तरिक ओसारपसारसम्बन्धी नियमित गर्ने सर्न्दभमा राजमार्ग तथा लोकमार्गहरुमा बिल बिजक जाँच परीक्षण भइरहेको छ । यसैगरी आन्तरिक बजारमा समेत व्यापारिक कारोवारको एकीकृत बजार अनुगमन कार्यक्रम सञ्चालन भइरहेको छ । उक्त कार्यक्रममा यस विभाग र अर्न्तगतका कार्यालयहरुबाट खटिई आएका कर्मचारीहरुलाई चेकजाँचका बखत माग भएका आफ्नो व्यापार व्यवसायसँग सम्बन्धित कागजात उपलब्ध गराई आवश्यक सहयोग गरिदिनुहुन सम्बद्ध सबै व्यवसायीहरुमा अनुरोध गरिन्छ ।

**आन्तरिक राजस्व विभाग**

**प्रकाशक**

आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन : ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
Website: www.ird.gov.np

**संरक्षक**

टंकमणि शर्मा

**सम्पादक मण्डल**

नरसागर श्रेष्ठ
मदन दहाल
महाराज कोइराला
लक्ष्मी पराजुली
नारायणप्रसाद सुवेदी
शिव शर्मा
ढुण्डीराज दाहाल